# कुशे गाउँपालिका
# कार्यपालिकाको कार्यालय
## थर्पु भार्मा, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल
## २०७३

**पत्र संख्या :०७७/०७८** **मितिः २०७७/१२/३०**

**चलानी नं. :**

(प्रथम पटक प्रकाशित मिति: २०७७/१२/३०)

प्रस्तुत विषयमा यस गाउँपालिकाको मिति २०७७।१२।१९ गतेको निर्णयअनुसार यस गाउँपालिकामा भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीहरुका लागि लगत संकलन गर्ने कार्यका लागि यस गाउँपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम देहायका पदहरुमा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले (१५) दिन भित्र गाउँपालिकाको प्रशासन शाखामा आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचनामा प्रमकाशित गरिएको छ ।

तपशिलः

क) पदको विवरण

| क.स | विज्ञापन नं. | पद | तह | सेवा | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ५/०७७/०७८ | सर्वेक्षक | सहायक पाँचौ | प्राविधिक | १ | |
| २ | ६/०७७/०७८ | अमिन | सहायक चौथो | प्राविधिक | २ | |
| ३ | ७/०७७/०७८ | सामाजिक परिचालक | सहायक चौथो | अप्राविधिक | १ | |

**ख) दरखास्त फारम साथ पेश गर्नुपर्ने कागजातहरुः**

देहायका प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार स्वयमले प्रमाणित गरी दरखास्त साथ पेश गर्नुपर्नेछ ।

१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२) स्थानीय बासिन्दाको हकमा नागरिकता/जन्मदर्ता/विवाह दर्ता/बसाईसराईको प्रमाणपत्र ।

३) सम्बन्धित पदको लागि न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।

४) गाउँपालिकाको राजश्व शाखामा दरखास्त दस्तुर बुझाएको नगदी रसिद ।

**ग) उमेर हदः** दरखास्त बुझाउने अन्तिम मिति सम्म सेवा समूह सम्वन्धी ऐन, नियम अनुसार उमेरको हद ननाघेको हुनुपर्नेछ ।

**घ) कार्यशर्त तथा सेवा सुविधा** : तोकिए बमोजिम ।

**ङ) दरखास्त दस्तुरः** रु ५०० मात्र ।

**च) दरखास्त फारमः** यस कार्यालयको प्रशासन शाखामा वा कार्यालयको वेभसाइट www.kushemun.gov.np बाट प्राप्त गर्न सकिनेछ । रितपुर्वक दरखास्त फारम भरी कार्यालयमा बुझाउनु पर्नेछ । रित नपुऱ्याई तथा म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**छ) दरखास्त बुझाउने अन्तिम मितिः** २०७८/०१/१३ गते सम्म

**ज) परिक्षाको प्रकारः** यस गाउँपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७७ बमोजिम हुनेछ ।

कृष्ण बहादुर घति

नि.प्रमुख प्रशासकिय अधिकृत

☎९७५८००३२००, ९७५८००३२०२